# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्बोट, गुल्मी ५ नं. प्रदेश, नेपाल


प.सं : ०७४/०७५
च.नं : ३८७ मिति : २०७४/१२/१५

ठेक्का नं: २/०७४/७५
प्रथम पटक प्रकाशित मिति:२०७४/१२/१६

यस गाउँपालिकाको लागि मोटरसाईकल सामाग्री आपूर्ति गर्ने इच्छुक उत्पादक तथा विक्रेताहरुलाई तपशिल बमोजिम शर्तहरुको अधिनमा रही यो सुचना दैनिक पत्र राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले तपशिलमा उल्लेखित मिति र समयमा सिलबन्दी दरभाउपत्र फाराम खरिद गरि दर्ता गर्नुहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

१.सिलबन्दी दरभाउपत्र फाराम सम्बन्धित सुचना दैनिक पत्र राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन (२०७४/१२/३०) को कार्यालय समय भित्र रु.१०००।- (अक्षरुपी एक हजार मात्र) फिर्ता नहुने गरि जम्मा रु. १०।- को टिकट टाँस गरी निवेदन साथ यस कार्यालय बाट खरिद गर्न सकिनेछ ।

२.खरिद गरेको सिलबन्दी दरभाउपत्र सुचना प्रकाशित मितिले १६ औ दिन (२०७५/०१/०१) को १२ बजे सम्म निवेदन साथ सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । हुलाकबाट आएका सिलबन्दी दरभाउपत्रलाई पनि मान्यता दिईने छ ।

३. सिलबन्दी दरभाउपत्र प्रकाशित मितिले १६ औ दिन दिनको २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि हरुको रोहबरमा खोलिने छ ।

४.दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट वा कार्यालय खुलेको सोही समयमा दर्ता गर्ने तथा खोलिने छ ।

५.एक व्यक्ति वा फर्मको नाममा खरिद भएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

६.दरभाउपत्र दर्ता गर्दा निम्न कागजातहरु समेतको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ :

क. फर्म दर्ता प्रमाणपत्र
ख. स्थायी लेखा नम्बर प्रमाणपत्र
ग. कर चुक्ता प्रमाणपत्र (आ.व. ०७३/०७४)
घ. मूल्य अभिबृद्धि कर प्रमाणपत्र
ङ. आफ्नो फर्म कालोसुचीमा नपरेको घोषणापत्र

७. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व.को लागी भएकोले आषाढ मसान्त सम्म कुनै प्रकारको मुल्यबृद्धिलाई स्वीकार गरीने छैन ।

८. दरभाउपत्र दर्ता गर्दा तोकिएको नगद रकम यस कार्यालयको रा.वा.बैंक गुल्मीको खाता नं. ३०१०३०३००७११२ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा मान्यताप्राप्त वाणिज्य बैंकबाट जारी ७५ दिन समय भएको विडवण्ड पेश गर्नुपर्ने छ र दरभाउपत्र स्वीकृत भएको फर्मले सम्झौता गर्न आउदा सम्झौता रकमको ५ प्रतिशत मान्यताप्राप्त वाणिज्य बैंकबाट जारी १ वर्ष म्याद भएको परफरमेन्स वण्ड वा थप नगद धरौटी जम्मा गरी सम्झौता गर्न आउनु पर्ने छ ।

९. दरभाउपत्र फाराम भर्दा प्रत्येक दररेट अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

१०. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ड) अनुसार बोलपत्र दाताले खरिद कारबाहीमा भाग लिन योग्य भएको, आफ्नो स्वार्थमा नबाझिएको, पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजायँ नपाएको भनी लिखित रुपमा घोषणापत्र पेश गर्नुपर्ने छ ।

११. अन्य कुराहरुको हकमा र यसमा उल्लेख हुन छुट भएका र फरक परेका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ ( संशोधन सहित) तथा अन्य ऐन नियम अनुसार हुनेछ ।

१२. दरभाउपत्र स्वीकृत भईसकेपछि आपूर्तिकर्ता स्वयंले मोटरसाईकल यस कार्यालयको स्टोरसम्म पुर्‍याउनु पर्ने छ ।

१३.रीत नपुगेको वा म्याद नाघी वा कुनै शर्त राखी आएको दरभाउपत्र फारम उपर कुनै कारबाही गरीने छैन । दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१४. यस सम्बन्धमा कुनै कुराहरु बुझ्नुपर्ने भएमा यस कार्यालयको मोबाईल नम्बर ९८५७०६७९१७ मा सम्पर्क गर्न सकिनेछ ।

१५.आपुर्ति गरीने मोटरसाईकलको विवरण :

| ठक्का नं. | कामको विवरण | दरभाउपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|
| २/०७४/०७५ | मोटरसाईकल खरिद | ४५,१८०।- | |

............................
(लोकहरि थापा)
प्रमुख प्रशासकीय अधिकृत